# व्यक्तिगत घटना दर्ताको विश्लेषणात्मक प्रतिवेदन

## २०७६-२०७९

नेपाल सरकार

## गृह मन्त्रालय

## **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :.........................

मन्तव्य

विभागबाट व्यक्तिगत घटना दर्ताको अवस्था सम्बन्धी चार वर्ष (वि.सं.२०७६ देखि २०७९ सम्म) को विश्लेषणात्मक तथ्याङ्कीय प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ। यस प्रतिवेदनले नेपालको व्यक्तिगत घटना दर्ता प्रणालीको विकास क्रमको बारेमा जानकारी दिनुको साथै व्यक्तिगत घटना दर्ता सम्बन्धी तथ्याङ्कहरुको विविध पक्षहरुको प्रदेशगत रुपमा समेत विश्लेषण गर्ने प्रयास गरेको छ।

प्रस्तुत प्रतिवेदन विभागले सञ्चालन गरिरहेको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) मा उपलब्ध भएका व्यक्तिगत घटना दर्तासँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गरी तयार गरिएको Civil Registration and Vital Statistics सम्बन्धी पहिलो प्रतिवेदन भएकाले यसका केही सीमाहरु रहेका छन्। यद्यपी, यस प्रतिवेदनले व्यक्तिगत घटना दर्ता र तथ्याङ्कहरुको शुद्धता, पूर्णता र विश्वसनीयता कायम गर्न योगदान गर्नुका साथै सरोकारवाला व्यक्ति तथा निकायले व्यक्तिगत घटना दर्ताको अवस्था अध्ययन, अनुसन्धान एवम् नीति निर्माण तथा योजना तर्जुमा गर्ने प्रयोजनको लागि सहयोग गर्ने विश्वास लिएको छु।

राष्ट्रिय तथ्याङ्क कार्यालयलाई विशेष धन्यवाद, जसको सहकार्यले व्यक्तिगत घटना दर्ताको अवस्था सम्बन्धी प्रतिवेदन प्रकाशन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। विभाग र राष्ट्रिय तथ्याङ्क कार्यालय बीचको प्रणालीगत अन्तरआवद्धता कायम गरी प्रतिवेदन तयार गर्न गरेको प्राविधिक सहयोगको लागि युनिसेफ, नेपाल प्रति आभार व्यक्त गर्न चाहन्छु।

अन्त्यमा, प्रतिवेदन तयार गर्ने क्रममा गृह मन्त्रालय तथा विभागका यस अघिका महानिर्देशकले खेलेको भुमिका प्रति विशेष कृतज्ञता व्यक्त गर्न चाहन्छु। साथै प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न विभागका कर्मचारीहरु, विशेषतः पञ्जीकरण शाखाका निर्देशक धन्यवादका पात्र हुनुहुन्छ। यस कार्यको लागि प्राविधिक सहयोग पुऱ्याउनु हुने MIS Team लाई समेत धन्यवाद दिन चाहान्छु।

मिति: २०८१ असार १४

युवराज कटेल
महानिर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :............................

पञ्जीकरण शाखाको तर्फबाट

नेपालमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भए पश्चात वि.सं. २०३४ वैशाख १ मा राजधानी काठमाण्डौं लगायत दश जिल्लाबाट प्रारम्भ गरिएको व्यक्तिगत घटना दर्ता चरणबद्ध रुपमा विस्तार हुँदै वि.सं. २०४७ वैशाख १ देखि मुलुकभर कार्यान्वयनमा रहेको छ। व्यक्तिगत घटना दर्ता अन्तर्गत मूलतः जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई गरी पाँच प्रकारका व्यक्तिगत घटनाको दर्ता हुँदै आएको छ। विगतमा सबै स्थानीय निकायहरु मार्फत भईरहेको व्यक्तिगत घटना दर्ता राज्यको पुनर्संरचनासँगै देशभरका ७५३ स्थानीय तहका ६७४३ वडा कार्यालय मार्फत हुँदै आएको छ।

नागरिक तथा वासिन्दाको जीवनमा घटेका जन्म, मृत्यु, विवाह लगायतका महत्वपूर्ण व्यक्तिगत घटना कानुन बमोजिम दर्ता गर्ने अभ्यास अन्तर्राष्ट्रिय रुपमा नै प्रचलनमा रहेको छ। यसबाट व्यक्तिगत घटनाहरुको अभिलेखिकरण भई कानुनी पहिचान प्राप्त गर्ने तथा सो को आधारमा राज्यका निकायबाट उपलब्ध हुने सेवा सुविधामा पहुँच स्थापित हुने गर्दछ। यसका साथै राज्यलाई नीति, योजना, कार्यक्रम आदि तर्जुमा र कार्यान्वयन तथा सेवा प्रवाह गर्न समेत व्यक्तिगत घटना दर्ता अभिलेखिकरणको तथ्याङ्क उपयोगी हुने गर्दछ। विगतमा हस्तलिखित रुपमा हुँदै आएको व्यक्तिगत घटना दर्ता वि.सं. २०७३ देखि अनलाईन प्रणालीबाट समेत प्रारम्भ भई क्रमशः मुलुकभर विस्तार हुदै गएकाले विभागद्वारा सञ्चालित अनलाईन व्यक्तिगत घटना दर्ता प्रणालीमा घटना दर्ता सम्बन्धी विवरणहरुको उपलब्धता र आयाममा विगतको तुलनामा बढोत्तरी हुँदै गएको छ।

प्रस्तुत प्रतिवेदनमा वि.सं. २०७६ देखि वि.सं. २०७९ सम्म विभागद्वारा सञ्चालित अनलाईन घटना दर्ता प्रणालीमा दर्ता भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणको विश्लेषण गरिएको छ। विश्लेषणको क्रममा राष्ट्रिय जनगणना, २०७८ को सन्दर्भ वर्षको व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणलाई समेत आधार लिईएको छ। प्रतिवेदन अवधिमा हस्त लिखित रुपमा भएका व्यक्तिगत घटना दर्तालाई विश्लेषणमा समावेश गर्न सकिएको छैन। त्यस्तै सो अवधिमा अनलाईन प्रणाली मार्फत घटना दर्ता गर्ने वडा कार्यालयहरुको संख्यामा क्रमिक रुपमा वृद्धि भई अनलाईन घटना दर्ताको दायरामा निरन्तर भएको विस्तारबाट व्यक्तिगत घटना दर्ताको तथ्याङ्कमा पर्न गएको गतिशिल प्रभावलाई विश्लेषणको क्रममा समायोजन गरिएको छैन। साथै व्यक्तिगत घटना दर्ताको लागि सूचकले सूचना फाराम (अनुसूची) मार्फत उपलब्ध गराएको विवरणको विश्लेषण गरिएको हुनाले कतिपय विवरणहरु राष्ट्रिय तथ्याङ्क कार्यालय वा अन्य निकायबाट प्रकाशित तथ्याङ्कसँग फरक पर्न सक्ने देखिन्छ। उल्लिखित सीमाहरुका वावजुद करीव पाँच दशकको व्यक्तिगत घटना दर्ता अभ्यासको क्रममा व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणको विविध आयामबाट विश्लेषण गरी प्रकाशन गरिएको पहिलो प्रतिवेदन भएकोले व्यक्तिगत घटना दर्ता सम्बन्धमा प्रत्यक्ष परोक्ष सरोकार राख्ने, अध्ययन अनुसन्धान गर्ने एवम् बुझ्न चाहने व्यक्ति र संघ

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :............................

संस्थालाई उपयोगी हुने अपेक्षा रहेको छ। साथै यहाँहरुको सल्लाह, सुझाव र पृष्ठपोषणको अपेक्षा सहित आगामी प्रतिवदेनलाई थप परिस्कृत र उपयोगी बनाईने प्रतिवद्धता व्यक्त गरिन्छ।

अन्त्यमा, प्रतिवेदन तयारीका क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उपलब्ध भएको विशेषज्ञ सेवा प्रति कृतज्ञता र आभार व्यक्त गर्दछु। प्रतिवेदन प्रकाशनकको क्रममा युनिसेफ नेपालले उपलब्ध गराएको प्राविधिक सहयोगको सराहना सहित धन्यवाद ज्ञापन गर्दछु। प्रतिवेदन तयारीको प्रारम्भिक कार्यका लागि विभागको पञ्जीकरण शाखाका पूर्व निर्देशक देवी पाण्डे खत्री र शाखा अधिकृत समीर भण्डारीलाई विशेष धन्यवाद। विभागमा कार्यरत एम.आई.एस.टिम लिडर निर्मल कुमार शर्मा, तथ्याङ्क तथ्याङ्क अधिकृतहरु पुष्कर बिजुक्छे र शेषकान्त रानाभाट, शाखा अधिकृत मनि कुमार तामाङ्ग लगायत सम्पूर्ण सहकर्मीको अथक मेहनत र योगदानबाट यो प्रतिवेदनको प्रकाशन सम्भव भएकोले वहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ।

मितिः २०८१ असार १४

दिल कुमार तामाङ
निर्देशक
पञ्जीकरण शाखा

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

विषयसूची


कार्यकारी सारांश ........ १

खण्ड एकः परिचय र विधि ........ ४

१.१ परिचय ........ ४

१.२ उद्देश्य ........ ४

१.३ अध्ययन विधि ........ ५

१.४ प्रतिवेदनको सीमा ........ ५

१.५ प्रतिवेदनको संरचना ........ ५

खण्ड दुईः जनसंख्याको विद्यमान अवस्था ........ ७

२.१ उमेर समूह अनुसार जनसंख्याको संरचना ........ ७

२.२ जनगणनाको सन्दर्भ अवधिको जन्मको विवरण ........ ८

२.३ जनगणनाको सन्दर्भ अवधिको मृत्युको विवरण ........ ९

२.४ जनगणनाको सन्दर्भ अवधिको बसाइँसराईको अवस्था ........ १०

२.५ प्रदेशगत साक्षरताको अवस्था ........ १०

खण्ड तीनः नेपालको व्यक्तिगत घटना दर्ता प्रणाली ........ १२

३.१ परिचय ........ १२

३.२ व्यक्तिगत घटना दर्ताको उद्देश्यः ........ १२

३.३ व्यक्तिगत घटना दर्ता प्रणालीको वर्तमान अवस्था ........ १२

३.४ व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन रणनीति,२०७६ ........ १३

३.५ संगठन संरचना, दर्ता प्रक्रिया र सूचना प्रवाह ........ १३

खण्ड चारः तथ्याङ्कको गुणस्तर तथा घटना दर्ताको पूर्णता ........ १५

४.१ घटना दर्ताको दायरा ........ १५

४.२ तथ्याङ्कको गुणस्तर आँकलन ........ 15

४.३ घटना दर्ताको समयपालना ........ १५

४.३.१ जन्मदर्ताको सामयिकता ........ १६

४.३.२ मृत्यु दर्ताको सामयिकता ........ १७

४.३.३ विवाह दर्ताको सामयिकता ........ १८

४.३.४ सम्बन्ध विच्छेद दर्ताको सामयिकता ........ १८

४.३.५ घटना दर्ताको औषत समय ....................................................................................................... १९

४.४ घटना दर्ताको पूर्णता ....................................................................................................... १९

खण्ड पाँचः जन्म दर्ता सम्बन्धी विवरणको विश्लेषण ....................................................................................................... २१

५.१ जन्म दर्ता वर्ष अनुसार जन्मको विवरण ....................................................................................................... २१

५.२ जन्म दर्ताको अवधि ....................................................................................................... २२

५.३ अवधि र वर्ष अनुसार जन्मदर्ताको विवरण ....................................................................................................... २३

५.४ जन्म स्थान अनुसार जन्मको विवरण ....................................................................................................... २३

५.५ आमाबाबुको विवाह भएको अवधि अनुसार जन्मदर्ताको विवरण ....................................................................................................... २५

५.६ आमाको उमेर अनुसार जन्मदर्ताको विवरण ....................................................................................................... २८

५.७ बाबुको उमेर अनुसार जन्मदर्ताको विवरण ....................................................................................................... ३०

५.८ आमाको शैक्षिक अवस्था अनुसार जन्मदर्ताको विवरण ....................................................................................................... ३०

५.९ बाबुको शैक्षिक अवस्था अनुसार जन्मदर्ताको विवरण ....................................................................................................... ३३

५.१० जन्मदाको सहयोगी अनुसार जन्मको विवरण ....................................................................................................... ३६

५.११ जन्मको प्रकार अनुसार जन्मको विवरण ....................................................................................................... ३८

खण्ड छः मृत्यु दर्ता सम्बन्धी विवरणको विश्लेषण ....................................................................................................... ४१

६.१ वर्ष अनुसार मृत्यु दर्ताको संख्या ....................................................................................................... ४१

६.१ प्रदेशगत मृत्यु दर्ता संख्या ....................................................................................................... ४१

६.३ मृत्यु भएको वर्ष र मृत्यु दर्ता भएको वर्ष अनुसार मृत्यु दर्ताको संख्या ....................................................................................................... ४२

६.४ मृत्यु दर्ता गरेको समय अनुसार मृत्युदर्ता संख्या ....................................................................................................... ४४

६.६ मृत्यु दर्ता गरेको समय र दर्ता गरेको प्रदेश अनुसार मृत्युदर्ता संख्या ....................................................................................................... ४४

६.७ मृत्यु भएको व्यक्तिको उमेर अनुसार मृत्यु दर्ताको संख्या ....................................................................................................... ४५

६.८ मृत्यु भएको व्यक्तिको उमेर र दर्ता भएको वर्ष अनुसार मृत्युदर्ता संख्या ....................................................................................................... ४६

६.९ मृत्यु भएको व्यक्तिको उमेर र मृत्यु दर्ता भएको प्रदेश अनुसार मृत्युदर्ता संख्या ....................................................................................................... ४७

६.१० मृत्यु भएको स्थान अनुसार मृत्युदर्ताको संख्या ....................................................................................................... ५०

६.११ मृत्यु भएको स्थान र मृत्यु दर्ता गरेको वर्ष अनुसार मृत्युदर्ता संख्या ....................................................................................................... ५१

६.१२ मृत्यु दर्ता गरेको प्रदेश र मृतकको मृत्यु भएको स्थान अनुसार मृत्युदर्ताको विवरण ....................................................................................................... ५१

खण्ड सातः विवाह दर्ता सम्बन्धी विवरणको विश्लेषण ....................................................................................................... ५३

७.१ वर्ष अनुसार विवाह दर्ताको विवरण ....................................................................................................... ५३

७.२ प्रदेशगत रुपमा विवाह दर्ताको संख्या र प्रतिशत ........ ५३
७.३ विवाह दर्ता गरेको समय अवधि अनुसार प्रदेशगत रुपमा विवाह दर्ताको संख्या र प्रतिशत ........ ५४
७.४ विवाह दर्ता गरेका पुरुषको उमेर अनुसार विवाह दर्ताको संख्या र प्रतिशत ........ ५६
७.५ विभिन्न वर्षमा उमेर अनुसार विवाह दर्ता गर्ने महिलाको विवरण ........ ५७
७.६ विवाह दर्ता भएका संख्या अनुसार विवाह गर्ने महिला तथा पुरुषको राष्ट्रियता ........ ५९
७.७ विवाह दर्ता भएको पुरुषको विवाह पूर्वको अवस्था ........ ६०
७.८ विवाह दर्ता भएको महिलाको विवाह पूर्वको अवस्था ........ ६०
खण्ड आठः सम्बन्ध विच्छेद दर्ता सम्बन्धी विवरणको विश्लेषण ........ ६२
८.१ दर्ता गरेको समयावधि अनुसार कुल सम्बन्ध विच्छेद दर्ताको विवरण ........ ६२
८.२ प्रदेशगत रुपमा सम्बन्ध विच्छेद दर्ताको समयावधि अनुसार विवरण ........ ६२
८.३ सम्बन्ध विच्छेद दर्ता गरेका पुरुषको उमेर अनुसार सम्बन्ध विच्छेद दर्ताको संख्या र प्रतिशत ........ ६३
८.४ प्रदेशगत रुपमा सम्बन्ध विच्छेद दर्ता गरेका पुरुषको उमेर समुह अनुसार सम्बन्ध विच्छेद दर्ताको संख्या र प्रतिशत ........ ६४
८.५ प्रदेशगत रुपमा सम्बन्ध विच्छेद दर्ता गरेका महिलाको उमेर समुह अनुसार सम्बन्ध विच्छेद दर्ताको संख्या र प्रतिशत ........ ६५
८.६ प्रदेशगत रुपमा सम्बन्ध विच्छेद दर्ता गरेका महिलाको उमेर समुह अनुसार सम्बन्ध विच्छेद दर्ताको संख्या र प्रतिशत ........ ६६
८.७ सम्बन्ध विच्छेद दर्ता गरेका महिला र पुरुषको उमेर ........ ६७
८.८ प्रदेशगत सम्बन्ध विच्छेद दर्ता भएका संख्या र सम्बन्ध विच्छेद गर्ने पुरुषको शैक्षिक योग्यता ........ ६८
८.९ सम्बन्ध विच्छेद दर्ता भएका संख्या र सम्बन्ध विच्छेद गर्ने पुरुषको शैक्षिक योग्यता ........ ६९
८.१० सम्बन्ध विच्छेद दर्ता भएका संख्या र सम्बन्ध विच्छेद गर्ने महिलाको शैक्षिक योग्यता ........ ७०
८.११ प्रदेशगत सम्बन्ध विच्छेद दर्ता भएका संख्या र सम्बन्ध विच्छेद गर्ने महिलाको शैक्षिक योग्यता ........ ७१
८.१२ सम्बन्ध विच्छेद दर्ता भएका संख्या र सम्बन्ध विच्छेद गर्दा भएको बच्चाहरुको संख्या ........ ७२
८.१३ सम्बन्ध विच्छेद दर्ता भएका संख्या अनुसार सम्बन्ध विच्छेद गर्ने व्यक्तिको राष्ट्रियता ........ ७३

# कार्यकारी सारांश

१. राष्ट्रिय जनगणना २०७८ अनुसार जनगणना सन्दर्भ दिनको १२ महिना भित्रमा जन्मेका शिशुहरुको संख्या ४१२९३५ जना रहेका छन्। सो मध्ये बालक २१८०७४ जना (५२.८प्रतिशत) र बालिका १९४८६१ जना (४७.२प्रतिशत) रहेका छन्। जन्म हुँदाको लैंङ्गिक अनुपात हेर्दा १०० जना बालिकाको जन्म हुँदा ११२ बालकको जन्म भएको देखिन्छ।

२. नेपालमा जन्म, मृत्यु, तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भए पश्चात वि.सं. २०३४ बैशाख १ गतेबाट काठमाडौ लगायत १० जिल्ला (झापा, रौतहट, मोरङ्ग, काठमाडौं, सप्तरी, कपिलवस्तु, महोत्तरी, बाँके, सर्लाही र कंचनपुरमा) घटना दर्ता कार्य शुरु गरिएको हो। चरणबद्ध रुपमा विस्तार हुँदै वि.सं. २०४७ बैशाख १ बाट मुलुकभर लागु भएको व्यक्तिगत घटना दर्ता वि.सं. २०७३ सालबाट अनलाइनमा प्रणालीबाट समेत शुरु भई वि.सं. २०८० सम्म देशभरका ६६९४ वडा कार्यालय मार्फत अनलाईन र बाँकि वडा कार्यालय मार्फत हस्त लिखित रुपमा गरिदै आएको छ। बाँकि वडामा क्रमश: अनलाईन व्यक्तिगत घटना दर्ता विस्तार गरिदै लगिने योजना रहेको छ।

३. प्रतिवेदन अवधिको (वि.सं. २०७६ देखि वि.सं. २०७९ सम्म ) जन्म दर्ताको विवरण अनुसार १५.६ प्रतिशतको सामयिक रुपमा (३५ दिन भित्र), २०.५ प्रतिशतको ढिला गरी (३५ दिन पछि १ वर्ष भित्र) र ६३.९ प्रतिशतको विलम्ब गरी (१ वर्ष पछि) जन्म दर्ता भएको देखिन्छ।

४. प्रतिवेदन अवधिको मृत्यु दर्ताको विवरण अध्ययन गर्दा ५० प्रतिशत मृत्युहरु सामयिक रुपमा दर्ता भएको देखिन्छ। पुरुषहरुको तुलनामा धेरै महिलाहरुको मृत्यु दर्ता सामयिक रुपमा भएको देखिन्छ। अर्थात् करिव ५६ प्रतिशत महिलाको मृत्यु समयमै दर्ता हुँदा करिव ४४ प्रतिशत मात्र पुरुषको मृत्यु दर्ता समयमा भएको देखिन्छ।

५. प्रतिवेदन अवधिको विवाह दर्ताको विवरण विश्लेषण गर्दा करिव ११.३ प्रतिशत विवाह दर्ता मात्र सामयिक रुपमा भएको देखिन्छ।

६. प्रतिवेदन अवधिको सम्बन्ध विच्छेद दर्ताको विवरण हेर्दा करिव ३५ प्रतिशत सामयिक रुपमा दर्ता भएको देखिन्छ । जुन विवाह दर्ताको ११.३ प्रतिशतको तुलनामा झण्डै तीन गुणाले बढी रहेको छ।

७. जनगणनाको सन्दर्भ बर्ष भएको जन्म र मृत्युको तुलनामा अनलाइन घटना दर्ता प्रणाली मार्फत भएको जन्म तथा मृत्यु दर्तालाई विश्लेषण गर्दा जन्म दर्ताको पूर्णता ५३.५ प्रतिशत भएको देखिन्छ। उक्त

अवधिको जन्म दर्ताको पूर्णता महिलाको लागि ६०.४ प्रतिशत र पुरुषको लागि ४७.५ प्रतिशत भएको देखिन्छ। त्यसै गरी मृत्यु दर्ताको पूर्णता ७९.५ प्रतिशत रहेको छ।

८. प्रतिवेदन अवधिमा अनलाईन प्रणालीमा कुल २२५२२५५ जन्म दर्ता भएको छ। सो मध्ये वि.सं. २०७६ मा ११.४४ प्रतिशत, वि.सं. २०७७ मा १७.७५ प्रतिशत, वि.सं. २०७८ मा ३३.९२ र वि.सं. २०७८ मा ३६.८९ प्रतिशत रहेको छ।

९. प्रतिवेदन अवधिमा भएको जन्म दर्ता मध्ये जन्म भएको २८ दिन भन्दा कम अवधिमा जन्म दर्ता गर्ने ११.६ प्रतिशत रहेका छन् भने ३८.९ प्रतिशतले ५ वर्ष वा सो भन्दा पछाडी दर्ता गरेको पाइएको छ।

१०. प्रतिवेदन अवधिमा भएको कुल जन्म दर्ता मध्ये सबैभन्दा धेरै ३५.५ प्रतिशतको जन्म आमाको उमेर २० देखि २४ वर्ष समूहमा भएको देखिन्छ।

११. प्रतिवेदन अवधिमा दर्ता हुन आएका कुल जन्म दर्ता मध्ये बाबुको उमेर २५ देखि २९ वर्ष समूहमा हुँदा जन्मेका शिशुको प्रतिशत ३०.३ रहेको छ।

१२. प्रतिवेदन अवधिमा दर्ता हुन आएका कुल जन्म दर्ताहरू मध्ये २४.९ प्रतिशत शिशुको आमाको शैक्षिक अवस्था साक्षर मात्र भएको पाइएको छ।

१३. प्रतिवेदन अवधिमा दर्ता भएका जन्म दर्ताहरू मध्ये २४.६ प्रतिशत शिशुको बाबुको शैक्षिक अवस्था साक्षर मात्र भएको पाइएको छ।

१४. प्रतिवेदन अवधिमा दर्ता भएका जन्म दर्ताहरू मध्ये ४१.५ प्रतिशत शिशुको जन्म हुँदा सहयोगीको रूपमा परिवारका सदस्य रहेको देखिन्छ।

१५. प्रतिवेदन अवधिमा दर्ता भएका जन्म दर्ताहरू मध्ये ९८.८ प्रतिशत एकल शिशु र १.१ प्रतिशत जुम्ल्याहा शिशुको जन्म भएको पाइएको छ।

१६. प्रतिवेदन अवधिमा जम्मा ५६४०९० वटा मृत्यु दर्ता भएको देखिन्छ। सो मध्ये महिला र पुरुष क्रमशः ५५.३ र ४४.७ प्रतिशत रहेको छ।

१७. प्रतिवेदन अवधिमा दर्ता भएका मृत्यु दर्ता मध्ये ५०.४ प्रतिशतको मृत्यु दर्ता सामयिक रुपमा गरेको देखिन्छ भने २४.२ प्रतिशतको ढिला गरी दर्ता भएको देखिन्छ।

१८. प्रतिवेदन अवधिमा दर्ता भएका मृत्युहरू मध्ये सबैभन्दा धेरै १२.७ प्रतिशतको मृत्यु ७० देखि ७४ वर्ष को उमेरमा समूहमा भएको पाईएको छ।

१९. प्रतिवेदन अवधिमा दर्ता भएका मृत्युहरू मध्ये सबैभन्दा धेरै ८१.९ प्रतिशतको मृत्यु घरमा भएको पाईएको छ।

२०.प्रतिवेदन अवधिमा दर्ता भएका मृत्यु मध्ये ४२.२ प्रतिशतको शैक्षिक अवस्था खुलेको छैन भने २३.५ प्रतिशतको मृत्यु हुँदाको शैक्षिक अवस्था प्राथमिक तह पाइएको छ।

२१. प्रतिवेदन अवधिमा अनलाइन व्यक्तिगत घटना दर्ता प्रणालीमा कुल १५९४२०५ वटा विवाह दर्ता भएको देखिएको छ।

२२. प्रतिवेदन अवधिमा भएको विवाहको दर्ताको तथ्याङ्क हेर्दा ६३.६ प्रतिशत विवाह दर्ता विवाहको भएको १ वर्ष पश्चात गरिएको देखिन्छ भने ३६.४ प्रतिशत विवाह दर्ता विवाह भएको १ वर्ष भित्र गरिएको देखिएको छ।

२३. प्रतिवेदन अवधिमा विवाह दर्ता भएको संख्या हेर्दा ४१.५ प्रतिशत पुरुषको विवाह २० देखि २४ वर्षको उमेर समूहमा भएको देखिन्छ। त्यसैगरी ५७.३ प्रतिशत महिलाको विवाह २० देखि २४ वर्षको उमेर समूहमा भएको देखिन्छ।

२४. प्रतिवेदन अवधिमा विवाह दर्ता भएका पुरुष मध्ये २४.१ प्रतिशतले माध्यमिक तहको शैक्षिक योग्यता हासिल गरेको देखिन्छ भने सोही बराबरको योग्यता हासिल गर्ने महिलाहरु २०.९ प्रतिशत रहेको देखिन्छ।

२५.प्रतिवेदन अवधिमा विवाह दर्ता गरेका मध्ये ६८.२ प्रतिशत पुरुष तथा ६३.८ प्रतिशत महिला विवाह अघि अविवाहित रहेको देखिन्छ।

२६.प्रतिवेदन अवधिमा दर्ता भएका सम्बन्ध विच्छेद घटनामध्ये सबैभन्दा बढी ३४.८ प्रतिशत सामयिक रुपमा दर्ता गरिएका छन् भने ढिला गरी दर्ता भएका संख्या २७.८ प्रतिशत र विलम्ब गरी दर्ता भएका संख्या ३७.४ प्रतिशत रहेको देखिन्छ।

२८.प्रतिवेदन अवधिमा सम्बन्ध विच्छेद दर्ता गर्ने उमेर हेर्दा ३० देखि ३४ वर्ष उमेर समूहका पुरुषको सबैभन्दा बढी २६.२ प्रतिशत र महिलाहरु २५ देखि २९ वर्ष उमेर समूहका सबैभन्दा बढी २९.७ प्रतिशत रहेका छन्।

२९.प्रतिवेदन अवधिमा सम्बन्ध विच्छेद दर्ता भएका पुरुष मध्ये ४६.३ प्रतिशत पुरुषको साक्षरता उल्लेख भएको छैन भने ५२.३ प्रतिशत महिलाको अध्ययनको तह उल्लेख भएको छैन।

३०.प्रतिवेदन अवधिमा सम्बन्ध विच्छेद दर्ता भएका मध्ये ३५.१ प्रतिशतको सम्बन्ध विच्छदको समय सम्म कुनै पनि बच्चा नभएको, ३७.६ प्रतिशतको एउटा बच्चा भएको र २१.१ प्रतिशतको २ वटा बच्चा भएको देखिएको छ।

# खण्ड एकः परिचय र विधि

## १.१ परिचय

व्यक्तिको जन्म देखि मृत्यु सम्म घटेका महत्वपूर्ण घटनाहरु (जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद तथा बसाइँ सराई) को अभिलेखिकरण गर्ने प्रक्रियालाई व्यक्तिगत घटना दर्ता (Civil Registration ) भनिन्छ । व्यक्तिगत घटनाको नियमित अभिलेखिकरण, विश्लेषण र प्रकाशनले राज्यको नीति निर्माण तथा सेवा प्रवाहमा महत्वपूर्ण योगदान गर्दछ। उदाहरणका लागि राज्यद्वारा शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायत अन्य आर्थिक तथा सामाजिक क्षेत्रका नीति तथा योजना र कार्यक्रम तर्जुमा गर्न र सो को प्रभावकारी कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक जनसांख्यिक तथ्याङ्क घटना दर्ता प्रणाली मार्फत नियमित रुपमा प्राप्त गर्न सकिन्छ। जनगणना तथा सर्वेक्षणहरुबाट यस्ता घटनाहरुको विवरण कुनै तोकिएको समयको लागि मात्र प्राप्त हुन्छ भने नियमित तवरले गरिने व्यक्तिगत घटना दर्ता प्रणालीबाट व्यक्तिगत घटनाको साथै प्रजनन तथा मृत्यु दर लगायतका जनसांख्यिक तथ्याङ्क गतिशिल रुपमा प्राप्त गर्न सकिन्छ।

नेपालमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भए पश्चात वि.सं. २०३४ साल बैशाख १ देखि व्यक्तिगत घटना दर्ता शुरु भएको भएतापनि एकिकृत अभिलेख प्रणालीको अभावमा व्यवस्थित रुपमा सालवसाली जनसांख्यिक तथा व्यक्तिगत घटना सम्बन्धी तथ्याङ्क एवं सूचकहरु गणना गर्न सकिएको थिएन। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ वमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले अनलाईन मार्फत घटना दर्ता गर्ने प्रणालीको सञ्चानल, विकास र विस्तार गरीरहेको छ। विभाग मार्फत सञ्चालित अनलाईन प्रणालीमा दर्ता अभिलेख रहेको जन्म, मृत्यु, विवाह र सम्बन्ध बिच्छेद लगायतका विवरणहरुको विश्लेषण गरी नियमितरुपमा आवश्यक जनसांख्यिक सूचकहरु अद्यावधिक गर्दै जाने उद्देश्य अनुरुप यो प्रतिवेदन पहिलो पटक तयार गरिएको छ।

## १.२ उद्देश्य

प्रतिवेदनको मुख्य उद्देश्य विभागद्वारा सञ्चालित अनलाइन व्यक्तिगत घटना दर्ता प्रणालीमा प्राप्त व्यक्तिगत घटना दर्ताको विवरणको विश्लेषण गरी नियमित रुपमा जनसांख्यिक सूचकहरु प्रकाशन गर्ने रहेको छ। यसका साथसथै यस प्रतिवेदनका अन्य उद्देश्यहरु निम्न बमोजिमका रहेका छन्:

क) विभागमा प्राप्त व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणबाट जन्म, मृत्यु र विवाह लगायतका एकिकृत तथा खण्डीकृत व्यक्तिगत घटना तथ्याङ्क तयार गर्नु।

ख) व्यक्तिगत घटना दर्ता विवरणको गुणस्तर, दर्ताको सामयिकता र पूर्णता आँकलन गर्नु।

ग) प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयार गर्नु।

घ) व्यक्तिगत घटना दर्ता प्रणालीलाई निरन्तर सुधार गर्नु।

## १.३ अध्ययन विधि

प्रतिवेदन राष्ट्रिय जनगणना २०७८ को जनसांख्यिक नतिजा र वि.सं. २०७६ देखि वि.सं. २०७९ सम्मका अनलाइनमा आधारित व्यक्तिगत घटना दर्ता प्रणालीबाट प्राप्त विवरणका आधारमा तयार गरिएको छ। विभागद्वारा सञ्चालित व्यक्तिगत घटना दर्ता प्रणाली मार्फत प्राप्त व्यक्तिगत विवरणहरुलाई तथ्याङ्कीय ढाँचामा परिवर्तन गरी थप विश्लेषण गरिएको छ। विश्लेषण गर्दाको क्रममा कतिपय सवालमा अन्तर्राष्ट्रिय तथ्याङ्कीय प्रतिवेदन अभ्यास समेतलाई सन्दर्भको रुपमा लिईएको छ। राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त जनसंख्यासँग व्यक्तिगत घटना दर्ताको विवरणलाई सामञ्जस्याता हुने गरी जन्म र मृत्यु दर्ताको पूर्णता दर निकालिएको छ। यस प्रतिवेदनमा नेपालमा व्यक्तिगत घटना दर्ताको ऐतिहासिक विकासक्रमको समेत विवेचना गरिएको छ। सरोकारवालाहरुबीच भएको बैठक तथा छलफलका क्रममा प्राप्त सुझावहरुलाई समेत प्रतिवेदनमा समावेश गरिएको छ।

## १.४ प्रतिवेदनको सीमा

प्रतिवेदन राष्ट्रिय जनगणना २०७८ को जनसांख्यिक नतिजा र वि.सं. २०७६ देखि वि.सं. २०७९ सम्मका अनलाइनमा आधारित व्यक्तिगत घटना दर्ता प्रणालीबाट प्राप्त विवरणको विश्लेषणको आधारमा पहिलो पटक तयार गरिएकोले निम्न सीमाहरु रहेका छन्:

१. अनलाइन प्रणाली शुरु हुनुभन्दा अगाडिको घटना दर्ता विवरणलाई यस विश्लेषणमा समावेश गरिएको छैन।

२. अनलाइन दर्ता प्रणाली चरणबद्ध रुपमा वडा कार्यालयहरुमा विस्तार भएकोले बि.सं. २०७६ देखि वि.सं. २०७९ सम्मका अनलाईनबाट भएका व्यक्तिगत घटना दर्ता विवरणको विश्लेषण गरिएको छ। सो समयमा अनलाईन मार्फत घटना दर्ता हुन नसकेका विवरणलाई समावेस गर्न सकिएको छैन।

३. राष्ट्रिय जनगणना २०७८ को जनसंख्याको आधारमा भाजकका रुपमा रहने प्रत्येक वर्षको उमेरगत जनसंख्या र विवाहित महिलाहरुको अनुमान हालसम्म प्राप्त हुन नसकेकोले व्यक्तिगत घटना दर्ता सम्बन्धी अधिकाँश जनसांख्यिक सूचकहरु तयार गर्न सकिएको छैन।

## १.५ प्रतिवेदनको संरचना

प्रतिवेदनमा निम्नानुसारका आठ वटा खण्डहरु समावेश छन्।

- पहिलो खण्डमा परिचय तथा विधि समावेश गरिएको छ। यस अन्तर्गत व्यक्तिगत घटना दर्ताको परिचय उपयोग तथा महत्व, प्रतिवेदन तयार गर्नुको उद्देश्य तथा विधि र सीमा समावेश गरिएको छ।
- दोश्रो खण्डमा नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसारको जनसंख्याको बनोट लगायत अन्य विशेषताहरु सहितको तथ्याङ्क प्रस्तुत गरिएको छ।
- तेस्रो खण्डमा नेपालको व्यक्तिगत घटना दर्ता प्रणालीको वर्तमान अवस्था, ऐतिहासिक विकास क्रम, कानुनी तथा नीतिगत व्यवस्था सम्बन्धमा उल्लेख गरिएको छ।

- चौथो खण्डमा प्राप्त घटना दर्ताको सामयिकता र पूर्णता सम्बन्धमा उल्लेख गरिएको छ।
- पाँचौ खण्डमा जन्म दर्ता सम्बन्धी विवरणको विश्लेषण गरिएको छ।
- छैटौं खण्डमा मृत्यु दर्ता सम्बन्धी विवरणको विश्लेषण गरिएको छ।
- सातौं खण्डमा विवाह दर्ता सम्बन्धी विवरणको विश्लेषण गरिएको छ।
- आठौं खण्डमा सम्बन्ध विच्छेद दर्ता सम्बन्धी विवरणको विश्लेषण गरिएको छ।

# खण्ड दुईः जनसंख्याको विद्यमान अवस्था

## २.१ उमेर समूह अनुसार जनसंख्याको संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या पिरामिड र विभिन्न उमेर समूह अनुसारको जनसंख्याको बनोट संलग्न तालिका र चार्टमा प्रस्तुत गरिएको छ। एक दशकको अन्तरालमा नेपालको जनसंख्याको संरचना र वितरणमा ठुलो बदलाव देखिएको छ। खास गरी जन्म दरको कमीको कारण २० वर्षभन्दा कम उमेरको जनसंख्या घट्दै गएको छ। उक्त उमेर समूहमा महिलाको तुलनामा पुरुषहरुको जनसंख्या अनुपात वढी रहेको छ। यसको ठीक विपरित २० वर्ष भन्दा माथिको जनसंख्याको लैङ्गिक अनुपात भने महिलाको बढी देखिन्छ। विगतको तुलनामा जेष्ठ नागरिकहरुको जनसंख्यामा वृद्धि हुदै गएको छ। ६० वर्ष वा सोभन्दा माथिको जनसंख्या हाल करिव ११ प्रतिशत पुगेको छ। यसबाट हामी विस्तारै वुढ्यौली समाज उन्मुख भएको स्पष्ट देखिन्छ ।

*तालिका २.१: उमेर समुह अनुसार जनसंख्या*

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| सबै उमेरका | २९१६४५७८ | १००प्रतिशत | १४२५३५५१ | १००प्रतिशत | १४९११०२७ | १००प्रतिशत |
| ०-४ | २४३९२८३ | ८.४ | १२९०५२५ | ९.१ | ११४८७५८ | ७.७ |
| ५-९ | २७६६४२७ | ९.५ | १४४३४०५ | १०.१ | १३२३०२२ | ८.९ |
| १०-१४ | २९०९८६५ | १०.० | १४९५९५४ | १०.५ | १४१३९११ | ९.५ |
| १५-१९ | २९६६४०४ | १०.२ | १४९४५२३ | १०.५ | १४७१८८१ | ९.९ |
| २०-२४ | २७८३०६० | ९.५ | १३०१०१८ | ९.१ | १४८२०४२ | ९.९ |
| २५-२९ | २४५९३४९ | ८.४ | ११२२२४२ | ७.९ | १३३७१०७ | ९.० |
| ३०-३४ | २१४७७१२ | ७.४ | ९७८९७६ | ६.९ | ११६८७३६ | ७.८ |
| ३५-३९ | २०४१४९२ | ७.० | ९३६९३१ | ६.६ | ११०४५६१ | ७.४ |
| ४०-४४ | १७४७८३२ | ६.० | ८२८४९३ | ५.८ | ९१९३३९ | ६.२ |
| ४५-४९ | १४३६०४० | ४.९ | ६८७५२५ | ४.८ | ७४८५१५ | ५.० |
| ५०-५४ | १४१३८५२ | ४.८ | ६९२४९४ | ४.९ | ७२१३५८ | ४.८ |
| ५५-५९ | १०७५९४४ | ३.७ | ५३७५५८ | ३.८ | ५३८३८६ | ३.६ |
| ६०-६४ | ९५५६०४ | ३.३ | ४६५९६२ | ३.३ | ४८९६४२ | ३.३ |
| ६५-६९ | ७७१६१८ | २.६ | ३७९६८९ | २.७ | ३९१९२९ | २.६ |
| ७०-७४ | ६०९३७० | २.१ | २९२०५४ | २.० | ३१७३१६ | २.१ |
| ७५-७९ | ३५३२०३ | १.२ | १७०९९८ | १.२ | १८२२०५ | १.२ |
| ८०-८४ | १६१५५६ | ०.६ | ७८३१५ | ०.५ | ८३२४१ | ०.६ |
| ८५-८९ | ७८३२७ | ०.३ | ३६८८८ | ०.३ | ४१४३९ | ०.३ |
| ९०-९४ | ३०४०६ | ०.१ | १३१९१ | ०.१ | १७२१५ | ०.१ |
| ९५ & ९५+ | १७२३४ | ०.१ | ६८१० | ०.० | १०४२४ | ०.१ |

*जनसङ्ख्या स्तम्भ नं. २.१, २०७८*




## २.२ जनगणनाको सन्दर्भ अवधिको जन्मको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार जनगणना सन्दर्भ दिनको १२ महिना भित्रमा जन्मेका शिशुहरुको संख्या ४१२९३५ जना रहेका छन्। सो मध्ये बालक २१८०७४ जना (५२.८ प्रतिशत) र बालिका १९४८६१ जना (४७.२ प्रतिशत) रहेका छन्। जन्म हुँदाको लैङ्गिक अनुपात हेर्दा १०० जना बालिकाको जन्म हुँदा ११२ बालकको जन्म भएको देखिन्छ। जन्म दरको लैङ्गिक अनुपात प्रदेशगत रुपमा विश्लेषण गर्दा मधेश प्रदेशमा सबैभन्दा बढी (११८ जना बालक प्रति १०० जना बालिका) र सबै भन्दा कम कोशी प्रदेशमा (१०६ जना बालक प्रति १०० बालिका) रहेको देखिन्छ।

तालिका २.२ : राष्ट्रिय जनगणना २०७८ अनुसार जनगणना सन्दर्भ दिनको १२ महिना भित्रमा जन्मेका शिशुहरुको संख्या तथा विवाहित महिलाहरुको विवरण

| प्रदेश | १० वर्ष वा सोभन्दा माथीका विवाहित जनसंख्या | १५–४९ वर्षका विवाहित महिला | | १२ महिना भित्रमा जन्मेका शिशुहरुको संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | बालक | बालिका | जम्मा | लैङ्गिक अनुपात |
| नेपाल | १४८०९२९४ | ६१४५०३९ | ४१.५ | २१८०७४ | १९४८६१ | ४१२९३५ | ११२ |
| कोशी | २५५९२२२ | १०३४६८४ | ४०.४ | ३३०५७ | ३११३३ | ६४१९० | १०६ |
| मधेश | २९८२१४० | १२६४०६१ | ४२.४ | ५२३३४ | ४४२२३ | ९६५५७ | ११८ |

| प्रदेश | १० वर्ष वा सोभन्दा माथीका विवाहित जनसंख्या | १५–४९ बर्षका विवाहित महिला | | १२ महिना भित्रमा जन्मेका शिशुहरुको संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | बालक | बालिका | जम्मा | लैङ्गिक अनुपात |
| बागमती | ३२३४९८८ | १२६२७८३ | ३९.० | ३७००० | ३३३८० | ७०३८० | १११ |
| गण्डकी | १३१०९७७ | ५३५३३९ | ४०.८ | १४६८६ | १३२५४ | २७९४० | १११ |
| लुम्बिनी | २५८५८८१ | ११२६८१७ | ४३.६ | ३९८६४ | ३६३७९ | ७६२४३ | ११० |
| कर्णाली | ८२३३४४ | ३५२९८३ | ४२.९ | १६३११ | १५०१२ | ३१३२३ | १०९ |
| सुदरपश्चिम | १३१२७४२ | ५६८३७२ | ४३.३ | २४८२२ | २१४८० | ४६३०२ | ११६ |

## २.३ जनगणनाको सन्दर्भ अवधिको मृत्युको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार सन्दर्भ दिनको १२ महिना भित्रमा नेपालमा १९८४६३ जना व्यक्तिहरुको मृत्यु भएको आँकडा रहेको छ। यसमा पुरुष ११४९४६ जना (५७.९ प्रतिशत) र महिला ८३५१७ जना (४२.१ प्रतिशत) रहेको छ। प्रदेशगत मृत्यु दर्ताको अवस्था हेर्दा बागमती प्रदेशमा सबैभन्दा बढी ४३८७२ जना (२१.१ प्रतिशत) रहेका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ८३९६ जना (४.२ प्रतिशत) रहेका छन्।

तालिका २.३: राष्ट्रिय जनगणना २०७८ अनुसार जनगणना सन्दर्भ दिनको १२ महिना भित्रमा मृत्यु भएका व्यक्तिहरुको संख्या

| प्रदेश | मृत्यु भएका पुरुष | | मृत्यु भएका महिला | | मृत्यु भएका जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कोशी | २२०१५ | १९.२ | १६२६० | १९.५ | ३८२७५ | १९.३ |
| मधेश | १९५४९ | १७.० | १४७७० | १७.७ | ३४३१९ | १७.३ |
| बागमती | २५२११ | २१.९ | १८६६१ | २२.३ | ४३८७२ | २२.१ |
| गण्डकी | ११९०० | १०.४ | ८५०६ | १०.२ | २०४०६ | १०.३ |
| लुम्बिनी | २१२४९ | १८.५ | १४९५८ | १७.९ | ३६२०७ | १८.२ |
| कर्णाली | ४९८७ | ४.३ | ३४०९ | ४.१ | ८३९६ | ४.२ |
| सुदुरपश्चिम | १००३५ | ८.७ | ६९५३ | ८.३ | १६९८८ | ८.६ |
| जम्मा | ११४९४६ | १००.० | ८३५१७ | १००.० | १९८४६३ | १००.० |

## २.४ जनगणनाको सन्दर्भ अवधिको बसाइँसराईको अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार एकै जिल्ला भित्रको अन्तर स्थानीय तह बसाई सराई गर्नेको संख्या कुल जनसंख्याको २६१२७१३ (९.० प्रतिशत) रहेको छ भने अन्तर जिल्ला बसाई सराई गर्नेको संख्या कुल जनसंख्याको ५६९०२२५ (१९.५ प्रतिशत) रहेको देखिन्छ।

तालिका २.४: राष्ट्रिय जनगणना २०७८ अनुसार जन्मस्थानको आधारमा बसाइँसराई गर्ने जनसंख्या

| जन्मस्थान | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| अन्तर वडा (स्थानीय तह भित्र) | २०११७३९५ | ११११६३९९८ | ८९५३३९७ |
| अन्तर स्थानीय तह (जिल्ला भित्र) | २६१२७१३ | ५५७४४४ | २०५५२६९ |
| अन्तर जिल्ला | ५६९०२२५ | २३४१२१६ | ३३४९००९ |
| विदेश | ७३४६६३ | १८६८२६ | ५४७८३७ |
| नखुलेको | ९५८२ | ४०६७ | ५५१५ |
| जम्मा | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ |

## २.५ प्रदेशगत साक्षरताको अवस्था

राष्ट्रिय जनगणना २०७८ बमोजिम नेपालको साक्षरता दर ७६.२ प्रतिशत रहेका छ। साक्षरता दरलाई प्रदेशगत रुपमा तुलना गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ८२.१ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा ६३.५ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तुलनामा पुरुषको साक्षरता दर भन्दा महिलाको साक्षरता दरमा उल्लेख्य रुपमा वृद्धि भएको छ।

तालिका २.५: राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशगत साक्षरता दर

| क्षेत्र | साक्षरता प्रतिशत | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| नेपाल | ७६.२ | ८३.६ | ६९.४ |
| भौगोलिक क्षेत्र | | | |
| हिमाल | ७३ | ८१.१ | ६४.८ |
| पहाड | ८१ | ८८ | ७४ |
| तराई | ७३ | ८१ | ६६ |
| प्रदेश | | | |
| कोशी प्रदेश | ७९.७ | ८६.१ | ७३.६ |
| मधेश प्रदेश | ६३.५ | ७२.५ | ५४.७ |

| | | | |
|---|---|---|---|
| बागमती प्रदेश | ८२.१ | ८८.३ | ७६.० |
| गण्डकी प्रदेश | ८१.७ | ८८.८ | ७५.३ |
| लुम्बिनी प्रदेश | ७८.१ | ८५.२ | ७१.७ |
| कर्णाली प्रदेश | ७६.१ | ८३.३ | ६९.४ |
| सुदूरपश्चिम प्रदेश | ७६.२ | ८५.४ | ६८.२ |

# खण्ड तीनः नेपालको व्यक्तिगत घटना दर्ता प्रणाली

## ३.१ परिचय

जनसंख्याको आकार, संरचना र वितरणमा परिवर्तन ल्याउन सक्ने व्यक्तिका जीवनमा घटने घटनाहरु जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँसराइ लगायतका घटनालाई व्यक्तिगत घटना भनिन्छ भने यस्तो घटनाको कानूनद्वारा अधिकार प्राप्त निकायमा दर्ता गराउने र प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता वा पञ्जीकरण भनिन्छ। यसवाट व्यक्तिगत घटना सम्बन्धी सामयिक, विश्वसनिय र नियमित तथ्याङ्क प्राप्त हुन्छ। नेपालमा जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भए पश्चात वि.सं. २०३४ बैशाख १ बाट जन्म, मृत्यु तथा विवाह दर्ता बाट चरणबद्ध रुपममा शुरु गरिएको व्यक्तिगत घटना दर्ता प्रक्रियामा वि.सं. २०४० मा बसाइँसराइ तथा वि.सं. २०४२ मा सम्बन्ध विच्छेदको दर्ता समेत थप भई जन्म, मृत्यु, विवाह, बसाइँ सराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाको दर्ता हुँदै आएको छ। वि.सं. २०४७ बैशाख १ बाट व्यक्तिगत घटना दर्ता मुलुकभर विस्तार भई कार्यान्वयनमा रहेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ वमोजिम उल्लिखित ५ प्रकृतिका व्यक्तिगत घटनाका अतिरिक्त धर्मपुत्र धर्मपुत्रीको तथा मृत बच्चा समेतको बिशेष घटना दर्ता गर्ने व्यवस्था रहेको छ।

## ३.२ व्यक्तिगत घटना दर्ताको उद्देश्यः

नेपालमा वसोवास गर्ने सम्पूर्ण व्यक्तिहरुको जन्म, मृत्यु, विवाह, बसाइँसराई र सम्वन्ध बिच्छेद जस्ता घटनाहरुको सरल र सहज तवरले दर्ता गरी व्यक्तिलाई प्रमाण पत्र जारी गर्ने र उल्लिखित सम्पूर्ण घटनाहरुको बस्तुगत र बैज्ञानिक अभिलेखिकरण गर्नु व्यक्तिगत घटना दर्ताको मुख्य उद्देश्य हो। व्यक्तिगत घटना दर्ताको उद्देश्यहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ;

क) जन्म, मृत्यु, विवाह, बसाइँसराई र सम्वन्ध बिच्छेद जस्ता व्यक्तिगत घटनाहरुको दर्ता गरी अभिलेखिकरण गर्ने।

ख) जन्म, मृत्यु, विवाह, बसाइँसराई र सम्वन्ध बिच्छेद जस्ता व्यक्तिगत घटनाहरुको दर्ता गरी त्यस्ता घटनाहरुको कानुनी पहिचान र मान्यता दिलाउने।

ग) नागरिकहरुको परिवार लगत तयार गर्ने र घटना दर्ता मार्फत पारिवारिक लगतलाई अद्यावधिक गर्ने।

घ) व्यक्तिलाई सार्वजनिक सेवा प्राप्तिका लागि पहिचान उपलब्ध गराउने।

ङ) व्यक्तिगत घटना दर्ताको विवरणबाट जनसंख्या सम्बन्धी विश्वसनिय तथ्याङ्क उपलब्ध गराउने ।

## ३.३ व्यक्तिगत घटना दर्ता प्रणालीको वर्तमान अवस्था

जन्म, मृत्यु, तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भए पश्चात पहिलो चरणमा वि.सं. २०३४ बैशाख १ गतेबाट काठमाडौ लगायत १० जिल्ला (झापा, रौतहट, मोरङ्ग, काठमाडौं, सप्तरी, कपिलवस्तु, महोत्तरी, बाँके, सर्लाही र कंचनपुरमा) घटना दर्ता कार्य शुरु गरियो। यसैगरी वि.सं. २०३५/१०/१ मा दोश्रो चरणमा ४ जिल्ला (वारा, पर्सा, धनुषा र सुनसरी), वि.सं. २०३५/११/१ मा तेश्रो चरणमा १ जिल्ला (सिरहा),

वि.स.२०३५/१२/१ मा २ जिल्ला (रुपन्देही र नवलपरासी) मा व्यक्तिगत घटना दर्ता विस्तार भएको पाइन्छ। वि.सं.२०३६ सालको विभिन्न मितिमा ११ जिल्ला (चितवन, मकवानपुर, बर्दिया, कैलाली, काभ्रेपलाञ्चोक, कास्की, पाल्पा, ललितपुर, भक्तपुर, सुर्खेत र दाङ) तथा वि.स.२०३७ मा ६ जिल्ला (तनहु, नुवाकोट, धादिङ, इलाम, धनकुटा र जुम्ला) मा व्यक्तिगत घटना दर्ता विस्तार भएको देखिन्छ। यसैगरी वि.सं. २०३८ सालमा ६ जिल्ला (गोरखा, सिन्धुली, उदयपुर, स्याङ्जा, सिन्धुपाल्चोक र रसुवा) र २०४७ बैशाख १ गते बाँकी रहेका ३५ जिल्लामा यो कार्यक्रम विस्तार भई मुलुकभर लागु गरिएको हो। शुरुका चरणमा जन्म, मृत्यु र विवाह जस्ता घटनाको मात्र दर्ता गरिएकोमा वि.स.२०४० बाट बसाइँसराइ र वि.स. २०४२ सालबाट सम्बन्ध विच्छेदको पनि दर्ता गरिएको थियो। विगतमा हस्तलिखित रुपमा भईरहेको व्यक्तिगत घटना दर्ताबाट वि.स. २०७३ सालबाट अनलाइनमा शुरु भई क्रमशः विस्तारित भईरहेको छ। प्रतिवेदन तयार गर्दाको अवस्था सम्म देशभरका ७५३ स्थानीय तहका ६६९४ स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा अनलाईन मार्फत जन्म, मृत्यु, विवाह, बसाइँसराई र सम्वन्ध विच्छेद गरी पाँच प्रकारका घटना दर्ता हुदै आएको छ। हालै विभिन्न १५ वटा विदेश स्थित कुटनीतिक नियोगबाट समेत व्यक्तिगत घटना दर्ता (जन्म र मृत्यु) प्रारम्भ गरिएको छ।

## ३.४ व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन रणनीति,२०७६

प्रविधि मैत्री व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क विश्लेषण प्रणालीको माध्यमबाट तथ्य र तथ्याङ्कमा आधारित नीति, सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने दीर्घकालिन लक्ष्य लिएर व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन रणनीति, २०७६ नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०७६/०९/१५ मा स्वीकृत भई लागु भएको छ। यसका रणनीतिक उद्देश्यहरु निम्न रहेका छन्;

- व्यक्तिगत घटना दर्तालाई आवधिक जनगणना र राष्ट्रिय स्तरमा हुने अन्य सबै प्रकारका नागरिक सर्वेक्षणहरुको पूरकको रुपमा स्थापित गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने।
- व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन प्रणाली (CRVS) सुधार गर्न सरोकारवाला निकायहरुको भूमिका अभिवृद्धि गर्ने।
- व्यक्तिगत घटना दर्ताको आवधिक तथ्याङ्क विश्लेषण गर्ने पद्धतिको विकास गर्ने।
- मृत्यु दर्ता गर्दा मृत्युको कारण सहितको अभिलेख व्यवस्थापन गर्दै सोसँग सम्बन्धित तथ्याङ्कको छुट्टै विश्लेषण प्रणाली विकास गर्ने।
- दीगो विकासका लक्ष्यहरु लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासमा लक्ष्यहरु हासिल गर्न गरिने कार्यहरुको लागि व्यक्तिगत घटना दर्ता अभिलेखमा आधारित तथ्याङ्कहरुको सिर्जना गर्ने।
- संयुक्त राष्ट्रसंघका तथ्याङ्क व्यवस्थापन सम्बन्धी सिद्धान्त तथा अन्य विश्वव्यापी मान्यता अनुरुपको CRVS प्रणाली विस्तार र सुदृढीकरण गर्ने।

## ३.५ संगठन संरचना, दर्ता प्रक्रिया र सूचना प्रवाह

नेपालका ७५३ स्थानीय तहका ६७४३ वडा कार्यालयहरु व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनका लागि स्थानीय पञ्जीकाधिकारीको कार्यालयहरु हुन। वि.सं. २०७३ बाट अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता गर्ने कार्य शुरु

भई हाल ६६९४ (९९.२ प्रतिशत) वडामा विस्तार भएको छ। यस प्रणालीमा प्रविष्ट भएका व्यक्तिगत घटना दर्ता विवरण विभागको केन्द्रीय सर्भरमा प्राप्त हुन्छ। व्यक्तिगत घटना घटेको ३५ दिनभित्र कानुनले तोकेको सूचक द्वारा निर्धारित फारामहरु भरेर तोकिएका कागजात सहित आफ्नो स्थायी बसोबास/ठेगाना रहेको वडामा वा घटना घटेको ठेगानामा घटना दर्ता गर्न सकिने व्यवस्था रहेको छ।

समयमानै जन्म तथा मृत्युसम्बन्धी घटना दर्ता गर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्न अस्पतालमा भएको जन्म तथा मृत्युलाई अस्पतालबाटै प्रणाली मार्फत स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा सूचित गरी दर्ताको कभरेजलाई बढाउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहकार्यमा सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लाबाट जन्म दर्ता व्यवस्थापन प्रणाली (Birth Registration Management System-BRMS) र कोशी प्रदेशको सुनसरी जिल्लाबाट मृत्यु दर्ता व्यवस्थापन प्रणाली (Death Registration Management System- DRMS) को व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (Vital Events Registratoin and Social Protection Management Infomration System- VERSP-MIS) संग अन्तरआवद्धता गरिएको छ।

# खण्ड चारः तथ्याङ्कको गुणस्तर तथा घटना दर्ताको पूर्णता

## ४.१ घटना दर्ताको दायरा

वि.सं. २०३३ बाट शुरु भएको व्यक्तिगत घटना दर्ता प्रणाली वि.सं. २०७३ बाट अनलाइन प्रणाली मार्फत दर्ता प्रारम्भ भई क्रमशः विस्तार हुँदै गएको र वि.सं. २०८० को अन्त्य सम्म आइपुग्दा  देशभरका ६,७४३ वडामध्ये ६,६९४ वडाहरुलाई अर्थात् ९९.२ प्रतिशत वडाहरु समेटेको छ।

तालिका  ४.१: हाल सम्म अनलाइन घटना दर्ता प्रणाली लागु भएका वर्ष र वडाहरुको संख्या

| वर्ष | वडाको संख्या |
|---|---|
| २०७३ | ४६९ |
| २०७४ | ८८४ |
| २०७५ | ६५१ |
| २०७६ | ६०७ |
| २०७७ | १६३१ |
| २०७८ | १७६६ |
| २०७९ | ५७९ |
| २०८० | १०७ |
| जम्मा | ६६९४ |

## ४.२ तथ्याङ्कको गुणस्तर आँकलन

संयुक्त राष्ट्र संघ तथ्याङ्क विभागको व्यक्तिगत घटना दर्ता तथ्याङ्कको लागि सिद्धान्त तथा सिफारिस बमोजिम व्यक्तिगत घटना दर्ता तथ्याङ्कको गुणस्तर चार आयामहरु पूर्णता, शुद्धता, उपलब्धता र समयपालना मा मापन गरिन्छ। गुणस्तर आँकलन अन्तर्गत उक्त तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न अपनाइएका रणनीति तथा प्रक्रियाहरुको जाँच र मूल्यांकन पर्दछन्। यसका लागि व्यक्तिगत घटना दर्ता प्रणाली सञ्चालनका प्रत्येक चरणमा गुणस्तर सुनिश्चित गर्नु आवश्यक हुन्छ।

व्यक्तिगत घटना दर्ता तथ्याङ्कको गुणस्तर आँकलन गर्ने क्रममा प्राप्त जन्मदर्ता, मृत्युदर्ता, विवाह तथा सम्बन्ध विच्छेद दर्ताका तथ्याङ्कमा हुन सक्ने त्रुटीहरु जस्तैः दोहोरो प्रविष्टी, असम्भव वा अपत्यारिला आँकडा, आँकडा प्राप्त नभएको वा डाटा प्रविष्टी छुटेको, अमान्य र स्थापित पद्धति अनुरुपको कोडिङ नभएको आदि बिषयमा विश्लेषण गर्ने प्रयास गरिएको छ। व्यक्तिगत घटना दर्ताको प्रक्रियाबाट प्राप्त हुने तथ्याङ्क नागरिकहरुको कानुनी मन्यता प्राप्त वैयक्तिक विवरणहरु हुने भएकोले संशोधन गर्न वा तथ्याङ्किय विधिबाट अनुमान गरी प्रतिस्थापन गर्नुको सट्टामा प्राप्त तथ्याङ्कलाई प्रशोधन नगरी तालिकीकरण गरिएको छ।

## ४.३ घटना दर्ताको समयपालना

व्यक्तिगत घटना घटेको समय देखि घटना दर्ता भएको समयसम्मको अवधिको विश्लेषण गरी दर्ताको सामयिकता निर्धारण गर्ने गरिन्छ। नेपालको सन्दर्भमा घटना घटेको ३५ दिन भित्रको दर्तालाई सामयिक (Timely) दर्ता, ३६

दिन देखि १ वर्ष सम्मकालाई ढिला (Late) गरी दर्ता र १ वर्षभन्दा बढीकालाई विलम्ब (Delayed) गरी दर्ता रुपमा विश्लेषण गर्न सकिन्छ।

### ४.३.१ जन्मदर्ताको सामयिकता

तालिका ४.२: वि.सं. २०७६ देखि २०७९ सम्म जन्मदर्ताको सामयिकता अनुसारको विवरण

| जन्मदर्ता समय | विभिन्न वर्षमा सामयिक दर्ताको प्रतिशत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | २०७६ | २०७७ | २०७८ | २०७९ | |
| सामयिक दर्ता (३५ दिन भित्र) | १५.७ | १२.२ | १३.८ | १८.८ | १५.६ |
| ढिलो दर्ता (३६ दिन देखि १ वर्ष सम्म) | १९.४ | २१.७ | १९.३ | २१.३ | २०.५ |
| विलम्ब दर्ता (१ वर्षभन्दा बढी) | ६४.९ | ६६.० | ६६.९ | ५९.९ | ६३.९ |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० |

प्रतिवेदन अवधिको विवरण अनुसार १५.६ प्रतिशत सामयिक रुपमा, २०.५ प्रतिशतको ढिला गरी र ६३.९ प्रतिशतको विलम्ब गरी जन्मदर्ता भएको देखिन्छ। जन्मदर्ता वर्ष २०७६ देखि २०७९ सम्मको विवरण हेर्दा सामयिक रुपमा दर्ता गर्नेहरुको प्रतिशत वर्ष २०७७ मा घटेको र त्यसपछि क्रमशः बृद्धी हुदै गएको देखिन्छ। तथापि हालसम्म २० प्रतिशतभन्दा कम नै रहेको छ। त्यस्तै ढिलो गरी दर्ता गर्नेहरुको प्रतिशत २०७६ को तुलनामा २०७९ मा करिव २ प्रतिशत बिन्दुले तथा विलम्ब गरी दर्ता गर्नेहरुको प्रतिशत करिव ५ प्रतिशत बिन्दुले घटेको देखिन्छ। प्राप्त चार वर्षको प्रदेश अनुसार विवरण हेर्दा कर्णालीमा करिव २६ प्रतिशत तथा मधेश र सुदुरपश्चिम दुबैमा करिव १७ प्रतिशतले सामयिकरुपमा दर्ता गरेको देखिन्छ।

स्तम्भ चित्र ४.१: प्रदेश अनुसार जन्म दर्ताको सामयिकता



### ४.३.२ मृत्यु दर्ताको सामयिकता

वि.सं. २०७६ को तुलनामा अन्य वर्षहरुमा समयमा मृत्यु दर्ता हुने प्रतिशत घटेको देखिन्छ । अर्थात् वर्ष वि.सं. २०७६ मा कुल मृत्यु दर्ताको ५६ प्रतिशत मृत्यु समयमा दर्ता भएको अवस्थामा पछिल्ला वर्षहरु वि.सं. २०७७, वि.सं. २०७८ र वि.सं. २०७९ मा समयमा मृत्यु दर्ता गर्ने प्रतिशत क्रमशः ४६, ४९ र ५२ रहेको छ। त्यसैगरी वि.सं. २०७८ र वि.सं. २०७९ को विवरण तुलना गर्दा पछिल्लो वर्षमा सामयिक दर्ताको प्रतिशत केहि बढेको, ढिला गरी दर्ता गर्नेको प्रतिशत घटेको देखिन्छ भने विलम्ब गरी दर्ता गर्नेको प्रतिशत बढेको देखिन्छ।

स्तम्भ चित्रः ४.२ बर्ष अनुसार मृत्यु दर्ताको सामयिकता (प्रतिशतमा)




त्यसैगरी प्रतिवेदन अवधिको कुल मृत्यु दर्ताको विवरण हेर्दा करिव ५० प्रतिशत मृत्युहरु सामयिक रुपमा दर्ता भएको देखिन्छ। लैंङ्गिक दृष्टिकोणमा विश्लेषण गर्दा पुरुषहरुको तुलनामा धेरै महिलाहरुको मृत्यु दर्ता समयमा भएको देखिन्छ। अर्थात् करिव ५६ प्रतिशत महिला मृत्यु समयमै दर्ता हुँदा करिव ४४ प्रतिशत मात्र पुरुषको मृत्यु दर्ता समयमा भएको देखिन्छ।

स्तम्भ चित्र ४.३ः मृत्यु दर्ताको सामयिकता (प्रतिशतमा)



### ४.३.३ विवाह दर्ताको सामयिकता

त्यसैगरी प्राप्त चार वर्षको कुल विवाह दर्ताको विवरण हेर्दा करिव ११.३ प्रतिशत विवाह दर्ताहरु समयमै दर्ता भएको देखिन्छ। २५.१ प्रतिशतको विवाह दर्ता ढीला गरी भएको र ६३.६ प्रतिशतको बिलम्ब गरी दर्ता भएको देखिन्छ।

स्तम्भ चित्र ४.४: विवाह भएको समय देखि दर्ता गरेको अवधि अनुसार विवाह दर्ताको संख्या (प्रतिशतमा)




### ४.३.४ सम्बन्ध विच्छेद दर्ताको सामयिकता

प्रतिवेदन अवधिको सम्बन्ध विच्छेदको विवरण हेर्दा विवाह दर्ताको तुलनामा सम्बन्ध विच्छेद दर्ता छिटो हुने गरेको देखिएको छ। जस्तै कुल सम्बन्ध विच्छेदको करिव ३५ प्रतिशत सामयिक रुपमा अर्थात् ३५ दिन भित्रै दर्ता भएका छन्, करिब २८ प्रतिशत ढिला गरि तथा करिब ३७ प्रतिशत बिलम्ब गरी दर्ता गरिएका छन।

स्तम्भ चित्र ४.५: सम्बन्ध विच्छेद भएको समय देखि दर्ता गरेको समय अनुसारको सम्बन्ध विच्छेद दर्ता संख्या (प्रतिशतमा)




### ४.३.५ घटना दर्ताको औषत समय

कुनै वर्षमा जन्मेका व्यक्तिहरुको एक वर्षभित्र जन्म दर्ता हुने औसत दिन तथा मृत्यु भएका व्यक्तिको एक वर्षभित्र मृत्यु दर्ता हुने औसत दिन तलको तालिकामा देखाइएको छ। यस अनुसार जन्म तथा मृत्यु दर्ता हुने औसत दिन घट्दै गएको देखिन्छ ।

तालिका ४.३: विभिन्न वर्षमा एक वर्षभित्र घटना दर्ता हुने औषत दिन

| जीवनसम्बन्धी व्यक्तिगत घटना | विभिन्न वर्षमा एक वर्षभित्र घटना दर्ता हुने औसत दिन | | | |
|---|---|---|---|---|
| | २०७६ | २०७७ | २०७८ | २०७९ |
| जन्म | ९२.५२ | १०५.४७ | ९५.७१ | ८६.७६ |
| मृत्यु | ४३.१९ | ५३.२१ | ४६.९३ | ४२.५० |

## ४.४ घटना दर्ताको पूर्णता

व्यक्तिगत घटना दर्ताको पूर्णता मापनको लागि कानुन बमोजिमको समयभित्र कति दर्ता भए भन्ने तथ्यांक आवश्यक पर्दछ। कुनै घटनाको पूर्णता मापन निम्न सुत्रबाट गर्न सकिन्छ।

$$\text{घटना दर्ताको पूर्णता प्रतिशत} = \frac{\text{कुनै समयावधिमा घटना दर्ता प्रणालीमा दर्ता भएका कुनै घटनाको संख्या}}{\text{उक्त समयावधिमा घट्ने उक्त घटनाको अनुमानित संख्या}} x \text{ १००}$$

यस विवरणबाट व्यक्तिगत घटना दर्ताको पूर्णता मापन गर्न प्रत्येक साल जम्मा घट्ने घटनाको अनुमानित संख्या र त्यही साल घटेका घटनाको दर्ता संख्या आवश्यक पर्ने भएकोले राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा आधारित भई प्रत्येक वर्षको जनसंख्या प्रक्षेपण/अनुमान तथा  जन्म एवं मृत्युको संख्या अनुमान गर्ने कार्य सम्पन्न

भइ नसकेकोले हालको लागि यो जनगणनाबाट प्राप्त सन्दर्भ अवधिभित्रको आँकडा र त्यस अवधिमा घटना दर्ता प्रणालीमा आवद्ध भएको संख्याका आधारमा जन्म तथा मृत्यु दर्ताको पूर्णता मापन गर्ने प्रयाश गरिएको छ। जनसंख्या प्रक्षेपण कार्य सम्पन्न भइसकेपछि प्रत्येक वर्षको लागि अनलाइन घटना दर्ताको पूर्णता मापन गरिने छ। तसर्थ हालको लागि निम्न सुत्र प्रयोग गरी जन्म तथा मृत्युको पूर्णता मापन गरिएको छ;

$$\text{जन्म दर्ताको पूर्णता प्रतिशत} = \frac{\begin{array}{c}\text{जनगणनाको सन्दर्भ अवधि (२०७७ कार्तिक २६ देखि मंसिर ९) भित्र जन्म भई सोहि अवधिमा} \\ \text{घटना दर्ता प्रणालीमा दर्ता भएका जन्मको कुल संख्या}\end{array}}{\text{जनगणनाको सन्दर्भ अवधिभित्र भएको जीवित जन्मको कुल संख्या}} \, x \text{ १००}$$

$$\text{मृत्यु दर्ताको पूर्णता प्रतिशत} = \frac{\begin{array}{c}\text{जनगणनाको सन्दर्भ अवधि (२०७७ कार्तिक २६ देखि मंसिर ९) भित्र मृत्यु भई सोहि अवधिमा} \\ \text{घटना दर्ता प्रणालीमा दर्ता भएका मृत्युको कुल संख्या}\end{array}}{\text{जनगणनाको सन्दर्भ अवधिभित्र भएको मृत्युको कुल संख्या}} \, x \text{ १००}$$

प्रतिवेदन अवधिको घटना दर्ताको विवरण विश्लेषण गर्दा जनगणनाको सन्दर्भ अवधिभित्र जन्म भई सोहि अवधिभित्र घटना दर्ता प्रणालीमा जम्मा १,२२,९५८ जन्म दर्ता भएको देखिन्छ। जनगणनाको लगत संकलनबाट सोहि अवधिमा जम्मा २,२९,६२४ जीवित जन्मको विवरण प्राप्त भएको छ। यस अनुसार उक्त अवधिको जन्म दर्ताको पूर्णता ५३.५ प्रतिशत भएको देखिन्छ। उक्त अवधिको जन्म दर्ताको पूर्णता सम्बन्धी लैङ्गिक आधारमा तुलना गर्दा महिलाको ६०.४ प्रतिशत र पुरुषको ४७.५ प्रतिशत भएको देखिन्छ।

त्यसैगरी व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीबाट प्राप्त २०७६ देखि २०७७ सालसम्मको विवरण विश्लेषण गर्दा जनगणनाको सन्दर्भ अवधिभित्र घटना दर्ता प्रणालीमा जम्मा १,०१,५२९ मृत्यु दर्ता भएको देखिन्छ। जनगणनाको लगत संकलनबाट सोहि अवधिमा जम्मा १,२७,६८० मृत्युको विवरण प्राप्त भएको छ। यस अनुसार उक्त अवधिको मृत्यु दर्ताको पूर्णता ७९.५ प्रतिशत भएको देखिन्छ।

# खण्ड पाँचः जन्म दर्ता सम्बन्धी विवरणको विश्लेषण

## ५.१ जन्म दर्ता वर्ष अनुसार जन्मको विवरण

वि.सं. २०७६ देखि २०७९ सम्म जन्म दर्ता संख्या निरन्तर रुपमा बढेको देखिन्छ। वि.सं. २०७६मा २५७६८४ रहेको कुल जन्म दर्ता २०७९ मा ८३०८३६ पुगेको छ।

स्तम्भ चित्र ५.१ः वर्ष अनुसार जन्मदर्ता संख्या




प्रस्तुत अवधिमा अनलाइन घटना दर्ता प्रणालीको क्षेत्र विस्तार उल्लेख्य रुपमा भएको कारण पनि जन्म दर्ता संख्यामा उल्लेख्य बृद्धि भएको अनुमान गर्न सकिन्छ। वि.सं. २०७६ देखि २०७९ सम्मको जन्म दर्ता सम्बन्धी विस्तृत विवरण तालिका ५.१ मा दिइएको छ।

तालिका ५.१ः लिङ्ग तथा दर्ता वर्ष अनुसारका जन्म दर्ता विवरण

| शिशुको लिङ्ग र दर्ता वर्ष अनुसार जन्म दर्ता | | | | |
|---|---|---|---|---|
| वर्ष | शिशुको लिङ्ग | | | जम्मा |
| | पुरुष | महिला | अन्य | |
| २०७६ | ४८.६० | ५१.४० | ०. ०० | २५७,६८४ |
| २०७७ | ४७.९२ | ५२.०८ | ०. ०० | ३९९,८६३ |
| २०७८ | ४८.७० | ५१.३० | ०. ०० | ७६३,८७२ |
| २०७९ | ४८.१० | ५१.९० | ०. ०० | ८३०,८३६ |
| जम्मा | ४८.३३ | ५१.६७ | ०. ०० | २,२५२,२५५ |

## ५.२ जन्म दर्ताको अवधि

प्रतिवेदन अवधिको विवरणलाई अध्ययन गर्दा २८ दिन भन्दा कम अवधिमा जन्म दर्ता गर्ने जम्मा ११.६ प्रतिशत मात्र रहेका छन् भने सबैभन्दा धेरै ३८.९ प्रतिशतले ५ वर्ष वा सो भन्दा पछाडी दर्ता गरेको पाइएको छ। त्यस्तै १ वर्ष देखि ३ वर्षको अवधिमा दर्ता गर्ने १५.५ प्रतिशत रहेका छन्। सो सम्बन्धी विस्तृत विवरण तालिका ५.२ मा दिइएको छ।

तालिका ५.२: अवधि अनुसार जन्म दर्ताको विवरण

| अवधि | शिशुको लिङ्ग | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | | |
| २८ दिन भन्दा कम | १२७,१५१ | १३३,५४८ | ६ | 260,705 | ११.६ |
| २९ दिन देखि २ महिना | ८५,७०६ | १०२,६९६ | ४ | १८८,४०६ | ८.४ |
| २ देखि ३ महिना | ३३,०६९ | ४०,५२८ | १ | ७३,५९८ | ३.४ |
| ३ देखि ६ महिना | ६४,३६० | ७६,३७४ | २ | १४०,७३६ | ६.४ |
| ६ महिना देखि १ वर्ष | ६७,४६४ | ८१,७८५ | | १४९,२४९ | ६.६ |
| १ देखि ३ वर्ष | १५८,६६६ | १९१,१६२ | ५ | ३४९,८३३ | १५.५ |
| ३ देखि ५ वर्ष | ९८,७१८ | ११४,४७५ | ५ | २१३,१९८ | ९.५ |
| ५ वर्ष भन्दा बढी | ४५३,३६५ | ४२३,१४० | २४ | ८७६,५२९ | ३८.९ |
| जम्मा | १,०८८,४९९ | १,१६३,७०८ | ४७ | २,२५२,२५४ | १००.०० |

**स्तम्भ चित्र ५.२: जन्म दर्ताको अवधी**



## ५.३ अवधि र वर्ष अनुसार जन्मदर्ताको विवरण

प्रतिवेदनमा विश्लेषण गरिएको ४ वर्ष अवधिमा बच्चा जन्मिएको २८ दिन भन्दा कम समयमा जन्म दर्ता गर्ने प्रतिशतमा उतार चढाव देखिन्छ। वि.सं. २०७६ मा ११.८ प्रतिशतले २८ दिन भन्दा कम समयमा जन्म दर्ता गरेको देखिन्छ भने २०७७ मा ९.१ प्रतिशतले मात्र २८ दिन भन्दा कम समयमा जन्म दर्ता गरेको देखिन्छ। २८ दिन भन्दा कम अवधिमा जन्म दर्ता गर्ने प्रतिशत वि.सं २०७९ मा १३.९ रहेको छ। अन्य अवधिमा पनि यस्तै प्रकृतिको उतार चढाव देखिन्छ। जन्म दर्ता गरेको वर्ष र जन्म अवधि अनुसारको विस्तृत विवरण तालिका ५.३ मा दिइएको छ।

तालिका ५.३ः जन्म अवधी र वर्ष अनुसार जन्मदर्ताको विवरण

| अवधि | दर्ता वर्ष (प्रतिशत) | | | |
|---|---|---|---|---|
| | २०७६ | २०७७ | २०७८ | २०७९ |
| २८ दिन भन्दा कम | ११.७७ | ९.१४ | १०.२५ | १३.९० |
| २९ दिन देखि २ महिना | ८.१ | ७.२८ | ७.६० | ९.६७ |
| २ देखि ३ महिना | २.९६ | ३.३४ | ३.१४ | ३.४४ |
| ३ देखि ६ महिना | ५.७८ | ६.८२ | ५.८३ | ६.५० |
| ६ महिना देखि १ वर्ष | ६.४७ | ७.३९ | ६.३२ | ६.५९ |
| १ देखि ३ वर्ष | १४.९९ | १७.५६ | १५.६० | १४.६६ |
| ३ देखि ५ वर्ष | ८.८८ | १०.१५ | ९.६४ | ९.१६ |
| ५ वर्ष भन्दा बढी | ४१.०४ | ३८.३१ | ४१.६२ | ३६.०७ |

## ५.४ जन्म स्थान अनुसार जन्मको विवरण

प्रतिवेदनमा विश्लेषण गरिएको ४ वर्ष अवधिका दर्ता भएका जन्महरू हेर्दा सबैभन्दा धेरै ५३.७ प्रतिशत जन्म घरमा भएका छन्। स्वास्थ्य संस्थामा करीब ४४ प्रतिशत र अन्य स्थानमा २.४ प्रतिशत जन्म भएको देखिन्छ। जन्म दर्ता भएका बालक शिशुहरू मध्ये ५५.० प्रतिशत घरमा, ४२.६ प्रतिशत स्वास्थ्य संस्थामा जन्म भएका छन् भने बालिका शिशुहरूमा ५२.४ प्रतिशत घरमा र ४५.३ प्रतिशत स्वास्थ्य संस्थामा जन्म भएका छन्। जन्म दर्ता भएका शिशुको लिङ्ग तथा स्थान अनुसारको विस्तृत विवरण तालिका ५.४ मा दिइएको छ।

तालिका ५.४: शिशुको जन्म भएको स्थान र लिङ्ग अनुसारको विवरण

| जन्म स्थान | शिशुको लिङ्ग | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | अन्य | प्रतिशत | | |
| स्वास्थ्य सस्था | ४६२९२७ | ४२.६ | ५२६०५५ | ४५.२ | १५ | ३१.९ | ९८९००० | ४३.९ |
| घर | ५९९,०५२ | ५५.० | ६१०,२१५ | ५२.४ | २२ | ५७.४ | १,२०९,२९४ | ५३.७ |
| अन्य | २६,५२१ | २.४ | २७,४३८ | २.४ | ५ | १०.६ | ५३,९६१ | २.४ |
| जम्मा | १,०८८,५०० | १००.० | १,१६३,७०८ | १००.० | ४७ | १००.० | २,२५२,२५५ | १००.० |

प्रतिवेदन अवधिका सबै वर्षहरूमा दर्ता हुन आएका जन्म दर्ता मध्ये सवैभन्दा धेरै घरमा जन्मिएका शिशु रहेका छन्। वि.सं. २०७६ मा ४९.६ प्रतिशत, २०७७ मा ४९.९ प्रतिशत, २०७८ मा ५७.३ प्रतिशत र २०७९ मा ५३.४ प्रतिशत जन्महरू घरमा भएको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण तालिका ५.५ मा दिइएको

तालिका ५.५: शिशुको जन्म भएको स्थान र दर्ता वर्ष अनुसारको विवरण

| दर्ता बर्ष | जन्म स्थान | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य संस्था | घर | अन्य | जम्मा |
| २०७६ | १२४२०२ | १२७,९३९ | ५,५४३ | २५७,६८४ |
| प्रतिशत | ४८.२ | ४९.६ | २.२ | १०० |
| २०७७ | १९०८३१ | १९९,७२६ | ९,३०६ | ३९९,८६३ |
| प्रतिशत | ४७.७ | ४९.९ | २.३ | १०० |
| २०७८ | ३०६४०६ | ४३८,०६५ | १९,४०१ | ७६३,८७२ |
| प्रतिशत | ४०.१ | ५७.३ | २.५ | १०० |
